नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६६३ मिति :- २०७३/९/२६

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त "क" वर्गका बैकहरू ।

विषय :- सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८ मा संशोधन गरिएको सम्बन्धमा ।

महाशय,

सुन आयात तथा बिक्री व्यवस्था सम्बन्धमा यस विभागबाट जारी गरिएको "सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८" मा देहाय बमोजिम थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. परिच्छेद-२ को बुँदा ४ लाई देहाय वमोजिम परिमार्जन गरिएको :
नेपाल राष्ट्र बैंकले समय समयमा तोकि दिएको परिमाण र प्रक्रिया बमोजिम मात्र देहाय अनुसार सुन आयात हुने व्यवस्था नेपाल बैकर्स संघले मिलाउनु पर्नेछ ।
(क) आयात गर्न सकिने सुनको दैनिक परिमाण हाललाई १५ (पन्ध्र) किलोग्राम कायम गरिएको छ ।
(ख) सुन आयात गर्दा Identified specific bar अंकित तथा शुद्ध सुन अर्थात ९९.९९ सुन आयात गर्नु पर्ने छ ।
(ग) १००, २००, ५०० ग्राम र १ के.जी. सम्मका परिमाणमा सुन आयात गरी बिक्री वितरण गर्नु पर्नेछ ।
(घ) बैंकहरुले सुनचाँदी व्यवसायिहरुलाई सुन बिक्री गर्दा प्रदान गर्ने विजक/रसिदमा सुनको शुद्धता, ब्राण्ड, पहिचान नम्बर/सि.नं.(Identified No.) उल्लेख गर्नुपर्नेछ ।

२. परिच्छेद-३, को बुँदा १४ मा देहाय वमोजिम थप गरिएको :
एउटा व्यवसायीले एक संघ/महासंघबाट मात्र सुनको सिफारिश लिन पाउनेछ ।

भवदीय,

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

बोधार्थः
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५. श्री नेपाल सरकार, वाणिज्य मन्त्रालय, निर्यात प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय व्यापार शाखा ।
६ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री बैंक सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल बैंकर्स संघ ।
१०. श्री नेपाल सुनचाँदी व्यवसायी महासंघ ।
११. श्री नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ ।
१२. श्री नेपाल हस्तकला महासंघ ।